

भानु नगरपालिकाको सोह्रौं नगरसभामा

## उप प्रमुख एंव

## बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक

## श्री उमा गोतामे बाट प्रस्तुत

# आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य

## भानु नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## फुस्रेटार, तनहुँ, गण्डकी प्रदेश, नेपाल

२०८२ साल असार १० गते मंगलबार

**नगरसभाका आदरणीय अध्यक्षज्यू,**
**नगरसभाका सदस्यज्यूहरु,**
**राष्ट्रसेवक कर्मचारीहरु,**

१. नेपालको संविधान बमोजिम गठित स्थानीय सरकारको तर्फबाट गरिमामय नगरसभा समक्ष भानु नगरपालिकाको **आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रममा आधारित बजेट प्रस्तुत गरिरहदा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु।** हाम्रा सम्पूर्ण नगरवासीहरूको **खुसी र समृद्धिको सपना साकार पार्ने** हाम्रो साझा लक्ष्य प्राप्तिका लागि यो बजेट एउटा महत्वपूर्ण कदम हो भन्ने मैले विश्वास लिएको छु । भानुवासी नागरिकहरुद्वारा अभिमत प्रकट गरि नगरको जिम्मेवारी हामीमा सुम्पेदेखि नै सुशासन, पारदर्शीता, जवाफदेहीता र जनमूखी सेवा प्रवाहलाई हाम्रो प्रमुख लक्ष्य बनाएका छौं ।

२. आज हामी भानु नगरपालिकाको आ.व. २०८२/०८३ का लागि **समृद्ध भानु, सुखी भानुवासी**को सुन्दर सपना देख्ने गौरवमय क्षणमा उभिएका छौं । हाम्रा प्राकृतिक स्रोत साधन, जातजाति, सह-अस्तित्व र आत्मनिर्भरतापूर्वक जीउने स्वाभिमानी यस नगरपालिकाका करिब ५० हजार नागरिकहरुले पूर्ण विकासको अभिभारा हामीलाई सुम्पिएको सर्वविदितै छ ।

३. यस महत्वपूर्ण अवसरमा म सर्वप्रथम राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटकपटक गर्दै आएका ऐतिहासिक जन-आन्दोलन, सशस्त्र सङ्घर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं **शहीदहरु तथा बेपत्ता र पीडित नागरिकहरु** प्रति स्थानीय सरकारको तर्फबाट हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु।

४. संघ, प्रदेश र स्थानीय तह बीचको सहकार्यता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी **सुलभ र गुणस्तरीय सेवा प्रवाह** गरी सरकार जनतामाझ नै आएको अनुभूति जनतालाई दिनुपर्ने अवसर, दायित्व र चुनौती हामीमाझ आएको छ ।

५. वर्तमान समयमा युवाहरू रोजगारीका अवसरका लागि गाउँ छाडी विदेशिनु पर्ने अवस्थाले गम्भीर बनाएको छ । आन्तरिक र बाह्य बसाइँसराइको कारण गाउँहरू सुनसान र प्रौढ वस्तीको रूपमा स्थापित भइरहेका छन्। खेतियोग्य भूमिहरू बाँझो हुन पुगेका छन्। उल्लेखित वस्तुस्थिति युक्त परिवेशमा युवाहरूलाई नगरभित्र नै उत्पादन र रोजगारीका अवसर सिर्जना गर्ने साझा चुनौती हाम्रो सामु विद्यमान छ ।

६. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले हालसम्म हासिल भएका उपलब्धिहरुलाई **संस्थागत गर्दै जनप्रतिनिधिमूलक लोकतान्त्रिक पद्धति**बाट नेपाली नागरिकले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समतामूलक समाजको निर्माण गर्ने प्रणालीबाट निर्देशित हुँदै समाजवाद उन्मुख उदयीमान नगरपालिकाको रुपमा स्थापित गर्न यो बजेट केन्द्रित गरेको छु।

७. बजेट तर्जुमा गर्दा मैले मूलतः **नेपालको संविधान र कानूनहरु, नेपाल सरकार तथा प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य, स्थानीय सरकार सञ्चालन ऐन २०७४**, संवैधानिक व्यवस्था अनुसारको एकल तथा साझा अधिकारको सूची, विनियोजन विधेयक २०८२/०८३ को सिद्धान्त र प्राथमिकता, नगरपालिकाद्वारा निर्मित विभिन्न कानूनहरु, नगर कार्यपालिकाका निर्णयहरु तथा राष्ट्रले अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिवद्धता, **दिगो विकासको लक्ष्य**लाई मुख्य आधार बनाएको छु। साथै यसै सभाले आगामी आर्थिक वर्षका लागि पारित गरेको नीति तथा कार्यक्रम, नागरिक समाज तथा नगरबासीहरुले विभिन्न माध्यमबाट दिएका सुझावहरुलाई **मार्गदर्शनका रुपमा** लिएको छु।

८. हाम्रो नीति तथा कार्यक्रमले **कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, पर्यटन, वातावरण संरक्षण र सुशासनलाई** मुख्य प्राथमिकतामा राखेको छ। सोही अनुरूप, यस बजेटले निम्न प्रमुख क्षेत्रहरूमा विशेष जोड दिएको छः

<u>कृषि र पशुपालनको आधुनिकीकरण र व्यवसायीकरणः</u>

९. भानु नगरपालिकाको अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको कृषि क्षेत्रको विकासका लागि **आधुनिक प्रविधिको प्रयोग, उन्नत बीउबिजन र नश्ल सुधार, सिँचाइको व्यवस्था, कृषि सडकहरूको स्तरोन्नति, बजार पहुँचको विस्तार र कृषि तालिम तथा अनुदानका कार्यक्रमहरू** सञ्चालन गरिनेछ। युवाहरूलाई कृषिमा आकर्षित गर्न **स्वरोजगारमूलक कृषि परियोजनाहरूलाई प्रोत्साहन** गरिनेछ।

<u>गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा पहुँचः</u>

१०. सबै नगरवासीलाई **गुणस्तरीय र सर्वसुलभ शिक्षा तथा स्वास्थ्य सेवा उपलब्ध गराउनु हाम्रो प्राथमिकता** हो। सामुदायिक विद्यालयहरूको **भौतिक तथा शैक्षिक गुणस्तर सुधार, शिक्षक तालिम, प्राविधिक शिक्षाको विस्तार, छात्रवृत्ति कार्यक्रम र डिजिटल शिक्षालाई** प्राथमिकता दिइएको छ। स्वास्थ्य क्षेत्रमा **आधारभूत स्वास्थ्य सेवाको सुदृढीकरण, स्वास्थ्य चौकीहरूको स्तरोन्नति, दक्ष स्वास्थ्यकर्मीको व्यवस्था र सरसफाइ तथा जनचेतनाका कार्यक्रमहरू** सञ्चालन गरिनेछ।

<u>दिगो पूर्वाधार विकासः</u>

११. नगरको समग्र विकासका लागि **सडक सञ्जालको विस्तार र स्तरोन्नति, खानेपानीको सहज पहुँच, व्यवस्थित बस्ती विकास र सूचना प्रविधिको विकासमा** जोड दिइएको छ। **वातावरणमैत्री र दिगो पूर्वाधार निर्माणलाई** प्राथमिकता दिइनेछ।

<u>पर्यटन प्रवर्द्धन र रोजगारी सिर्जनाः</u>

१२. भानु नगरपालिकाको ऐतिहासिक, धार्मिक र प्राकृतिक सौन्दर्यलाई विश्वसामु चिनाउन **पर्यटन प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन** गरिनेछ। **भानुभक्त आचार्यको जन्मस्थल, विभिन्न धार्मिक स्थल र प्राकृतिक सम्पदाहरूको संरक्षण तथा विकास** गरी आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षित गरिनेछ। यसबाट **स्थानीयस्तरमा रोजगारीका अवसरहरू सिर्जना भई नगरवासीको आयस्तर वृद्धिमा** सहयोग पुग्ने विश्वास लिएको छु।

<u>वातावरण संरक्षण र विपद् व्यवस्थापनः</u>

१३. जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गर्न र स्वच्छ वातावरण कायम राख्न **हरियाली प्रवर्द्धन, फोहरमैला व्यवस्थापनलाई** प्राथमिकता दिइएको छ। साथै, **विपद् पूर्वतयारी र प्रतिकार्यका लागि आवश्यक संयन्त्र तथा कार्यक्रमहरू** सञ्चालन गरिनेछ।

<u>सुशासन र पारदर्शिताः</u>

१४. नगरपालिकाको सेवा प्रवाहलाई **सरल, छिटोछरितो, पारदर्शी र जनमुखी बनाउन** हामी प्रतिबद्ध छौं। **सूचना प्रविधिको अधिकतम प्रयोग, भ्रष्टाचार नियन्त्रण, जनसहभागिता अभिवृद्धि र जवाफदेही प्रणालीको विकासमा** जोड दिइनेछ।

१५. स्थानीय सरकारको आन्तरिक स्रोत, नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरित अनुदान तथा राजश्व बाँडफाँडलाई मूल आधार मानी यो बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु। साथै यस बजेटमा नगरपालिकाको आफ्नो क्षेत्राधिकार भित्र **कर तथा गैर कर राजश्व परिचालन र व्यवस्थापन**लाई प्राथमिकतामा राखेको छु।

१६. कार्यक्रमको छनौट, साधन स्रोतको बाँडफाँड र विनियोजनमा देखिने दोहोरोपनलाई न्यूनीकरण गर्न, **प्रशासनिक तथा प्राविधिक क्षमता, स्रोत तथा विनियोजनका बीचमा सन्तुलन** कायम हुने गरी स्रोत व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु।

१७. समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण, भौतिक पूर्वाधारको निर्माण र व्यवस्थापन, आन्तरिक स्रोतको आधार विस्तार, उत्पादन र उत्पादकत्व बृद्धि, आयोजनाको प्राथमिकीकरण, असल शासन प्रवर्द्धन र अन्तरसरकारी समन्वय हाम्रो प्रमुख चुनौती रहेका छन्। यी चुनौतीलाई अवसरमा बदल्न **दीर्घकालीन सोच र ठोस कार्ययोजना** सहित बजेट निर्माण गरिएको छ।

अब म चालु आ.व. को संशोधित आय तथा व्ययको विवरण पेश गर्दछु।

१८. कुल आय ८१ करोड २३ लाख ९० हजार ३ सय ७३ रहेको छ। जुन प्रस्तावित आयको ८९% प्रतिशत हुन जान्छ। जसमध्ये चालु खर्चतर्फ ४९ करोड २४ लाख ४९ हजार १ सय ३१ रुपैयाँ अर्थात ७६ दशमलव १५% प्रतिशत र पुँजीगततर्फ ११ करोड २० लाख ५५ हजार ४ सय १७ रुपैयाँ अर्थात ४१ दशमलव ६ प्रतिशत खर्च भएको छ। यसरी चालु आ.व. को हाल सम्मको औषत खर्च प्रतिशत ६६ दशमलव २१ % रहेको छ ।

**सभाका अध्यक्षज्यू, सभाका सदस्यज्यूहरु,**

अब म चालु आर्थिक वर्ष २०८१/०८२ को आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्न चाहन्छु।

१९. चालु आर्थिक वर्षमा रु. ३ करोड २५ लाख राजस्व परिचालन हुने अनुमान रहेकोमा २०८२ असार ८ गतेसम्म रु. २ करोड ६१ लाख २५ हजार ७ सय पचास रुपैयाँ राजस्व संकलन भएको छ। त्यसैगरी चालु आर्थिक वर्षमा असार ८ गतेसम्म संघीय सरकारबाट **वित्तीय समानीकरण अनुदान तर्फ रु. १२ करोड ४८ लाख ८५ हजार, संघीय सशर्त अनुदान चालु तर्फ रु. ३८ करोड ७७ लाख ६ हजार ३ सय ९४ रुपैयाँ, संघीय सशर्त अनुदान पुँजीगत तर्फ रु. ४७ लाख ५६ हजार २ सय १६ रुपैयाँ, संघीय राजस्व बाँडफाँड तर्फ रु. १० करोड १६ लाख ४१ हजार ९ सय २६ रुपैयाँ** प्राप्त भएको छ। प्रदेश वित्तीय समानीकरण अनुदान तर्फ रु. १ करोड ८८ लाख ३८ हजार, प्रदेश विशेष अनुदान पुँजीगत तर्फ रु. २० लाख, प्रदेश समपूरक अनुदान पुँजीगत तर्फ रु. ३० लाख आय प्राप्त भएको छ। त्यस्तै, प्रदेश राजस्व बाँडफाँडबाट रु. १ करोड १२ लाख ३९ हजार ८ सय ५४ रुपैयाँ प्राप्त हुन आएको छ।

२०. आगामी आ.व.का लागि बजेटको उद्देश्य निम्नानुसार रहेका छन्ः

- भानु नगरपालिकाको अर्थतन्त्रलाई **चलायमान र गतिशील बनाउनु**।
- जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी **सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु**।
- लोकतन्त्रका लाभहरुको **समानुपातिक, समावेशी र न्यायोचित वितरण गर्नु**।
- कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरुप **समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्नु**।
- स्थानीय नेतृत्वको विकास गर्दै **स्थानीय शासन पद्धतिलाई सुदृढ गर्नु**।
- स्थानीय तहमा **विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्नु** ।

२१. बजेटका उल्लेखित उद्देश्यहरु परिपूर्ति गर्न देहाय बमोजिम क्षेत्रगत प्राथमिकता र कार्यक्रम मिलाएको छुः

- **सामाजिक विकास:** सर्बसुलभ स्वास्थ्य, गुणस्तरीय शिक्षा, खानेपानी तथा सरसफाई, संस्कृति प्रबर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विकास मार्फत।
- **आर्थिक विकास:** कृषि, पशुपालन, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय क्षेत्रको विकास मार्फत।
- **पूर्वाधार विकास:** सडक तथा झोलुङ्गे पुल, सिंचाई, भवन तथा शहरी विकास, उर्जा तथा सञ्चार क्षेत्रको विकास मार्फत।
- **वातावरण तथा विपद व्यवस्थापन:** वन, वातावरण तथा जनसहभागितामा आधारित विपद् व्यवस्थापन।
- **सुशासन तथा संस्थागत विकास:** सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गरी आधुनिक प्रविधिमैत्री सार्वजनिक सेवा प्रवाह, सुशासन तथा संस्थागत विकास।

अब म नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को प्राथमिकताका क्षेत्रहरू र त्यसका लागि विनियोजित बजेटको अनुमानित विवरण प्रस्तुत गर्न चाहन्छुः

२२. **सर्वसुलभ एवं सहजरूपमा स्वास्थ्यमा पहुँचः**

- गुणस्तरीय स्वास्थ्य सेवालाई मौलिक अधिकारको रूपमा सुनिश्चित गर्दै गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदायको पहुँच सुनिश्चित गरिनेछ।
- पुरनडिही नगर अस्पताल र कालिमाटी नगर अस्पतालको अत्याधुनिक भवन निर्माण कार्य सम्पन्न गरी नयाँ भवनबाट सेवा सुरु गरिनेछ। प्रयोगशाला तथा एक्स-रे सेवा पूर्ण रूपमा डिजिटल गरिनेछ।
- क्यान्सर, मुटु, मिर्गौला, स्पाइनल इन्जुरी लगायतका उपचारमा अति विपन्न बिरामीलाई आर्थिक सहयोग निरन्तरता दिइनेछ।
- **क्षयरोग मुक्त अभियान** लाई निरन्तरता दिँदै २ वर्ष भित्र क्षयरोग शून्य बनाउने लक्ष्य राखिएको छ।
- "मेरो स्वास्थ्य मेरो जिम्मेवारी" मूल मर्ममा रही **नागरिक आरोग्य अभियान** सञ्चालन गरिनेछ।
- **१ स्वास्थ्यकर्मी १ विद्यालय १ घण्टा अभियान** मार्फत हरेक महिना सबै विद्यालयहरूमा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

- **स्वास्थ्य क्षेत्रका लागि जम्मा बजेट रु.६ करोड ६४ लाख विनियोजन गरेको छ । यस क्षेत्रका लागि कुल बजेटको अनुमानित ७ दशमलव ४९ प्रतिशत हुन आउँछ ।**

२३. **गुणस्तरीय शिक्षाः**

- भानु नगरपालिकाको पञ्चवर्षीय नगर शिक्षा योजना बमोजिमका शैक्षिक कार्यक्रमहरूलाई व्यवस्थित, प्रणालीगत र योजनाबद्ध रूपमा अघि बढाइनेछ।
- सामुदायिक विद्यालयमा महिला शिक्षक सुत्केरी हुँदा स्वयंसेवक शिक्षक परिचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- सरकारी तलब भत्ता तथा सुविधा लिने सम्पूर्ण कर्मचारी, जनप्रतिनिधि, शिक्षक तथा कर्मचारी, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीका बालबालिकालाई सामुदायिक विद्यालयमा भर्ना गर्न प्रोत्साहन गरिनेछ।
- आधारभूत तह कक्षा १-८ को **स्थानीय पाठ्यक्रम तथा सो बमोजिम निर्मित पाठ्यपुस्तक** लाई प्रभावकारी ढंगले लागु गरिनेछ।
- शिक्षा क्षेत्रका लागि ३६ करोड ६७ लाख विनियोजन गरेको छ । जुन कुल बजेटको ४१ दशमलव ३९ प्रतिशत हुन आउँछ ।

२४. **कृषि तथा पशुपालन एवं रैथाने वाली संरक्षण, उत्पादन प्रशोधन, प्रवर्धन तथा बजारीकरणः**

- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी क्रमशः आत्मनिर्भरता हासिल गरिनेछ। सामूहिक तथा करार खेतीलाई प्रोत्साहित गरिनेछ।
- गुणस्तरीय बीउ विजनमा नगरपालिकालाई आत्मनिर्भर बनाईनेछ। रैथाने बाली, बीउ विजन, डाले तथा भुईं घाँस उत्पादन स्रोत केन्द्रको स्थापना गरिनेछ।
- **अर्गानिक कृषि उत्पादन** लाई प्रोत्साहन गरिनेछ। अदुवा, बेसार लगायत कृषि वस्तुको निर्यात प्रवर्धनका कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषिजन्य उत्पादित वस्तुहरूको बजारीकरणका लागि **कृषि एम्बुलेन्स** को व्यवस्थापन गरिनेछ।
- **"कृषिमा रूपान्तरण, आर्थिक विकास र सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग परियोजना"** नवप्रवर्तनको रूपमा नगरवासी सामु ल्याइएको व्यहोरा उल्लेख गर्दै उक्त परियोजनाका लागि रु. २ करोड १५ लाख विनियोजन गरेको छु ।
- पशु स्वास्थ्यमा नगरपालिकाको टेवा, खोर गोठमा प्राविधिक सेवा भन्ने नाराका साथ **निशुल्क पशु खोप, स्वास्थ्य शिविर, परजीवी नियन्त्रण सेवा** जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषि तथा पशुपालन क्षेत्रका लागि ३ करोड ६५ लाख ५० हजार विनियोजन गरेको छ ।

२५. **सुशासन अभिवृद्धिः**

- कर्मचारीको क्षमता अभिवृद्धि, सूचना प्रविधिको अधिकतम प्रयोग, पारदर्शिता र जवाफदेहितामा जोड दिइनेछ।
- नागरिकका गुनासोहरूलाई व्यवस्थित रूपमा सुन्ने, सम्बोधन गर्ने र समाधान गर्ने संयन्त्रलाई थप सशक्त बनाइनेछ।
- **भ्रष्टाचार नियन्त्रण र सदाचार** मा नगरपालिका शून्य सहनशीलताको नीतिमा अगाडि बढ्नेछ।
- **सुशासन र संस्थागत क्षमता अभिवृद्धि तथा कार्यालय व्यवस्थापनका लागि विनियोजित बजेटः रु. १५ करोड ३३ लाख रहेको छ ।** (सुशासन अभिवृद्धि क्षेत्रका लागि कुल बजेटको अनुमानित १७ दशमलव ३० प्रतिशत) रहन्छ ।

२६.**दिगो लक्ष्य प्रासिका भौतिक पूर्वाधार संरचना निर्माणः**

- बालमैत्री, अपाङ्गमैत्री, महिलामैत्री संरचना निर्माणमा जोड दिइनेछ।
- खानेपानी, सडक, भवन लगायतका पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ।
- **समष्टिगत रुपमा भौतिक पूर्वाधार विकासका लागि रु. २४ करोड ५४ लाख बजेट विनियोजन गरेको व्यहोरा अनुरोध छ ।जुन** कुल बजेटको अनुमानित २७ दशमलव ७० प्रतिशत हुन आउँछ)

२७. **वातावरण संरक्षण, विपद तथा आपत्कालीन व्यवस्थापनः**

- जलवायु परिवर्तनका असरलाई न्यूनीकरण एवं अनुकुलनका उपायहरू अवलम्बनलाई प्राथमिकता दिइनेछ।
- महामारीको पूर्व तयारी तथा व्यवस्थापनका लागि प्रतिकारी योजना बनाई लागू गरिनेछ।
- **वातावरण तथा विपद व्यवस्थापनका लागि विनियोजित बजेटः रु. ५० लाख** रहेको छ ।

२८. **सामाजिक समावेशीकरण**

- दलित, जनजाती, महिला, बालबालिका, अपाङ्ग, जेष्ठ नागरिक, मुस्लिम अल्पसंख्यक तथा पिछडिएका समुदायलाई लक्षित गरी क्षमता वृद्धि, आय आर्जन एवं चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- घरेलु हिंसा, जातीय-लैङ्गिक हिंसा, छुवाछुत, लागुपदार्थ दूर्व्यसनी, मानव बेचबिखन, आत्महत्या दुरुत्साहन जस्ता सामाजिक अपराध न्यूनीकरण तथा नियन्त्रणका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- **यसका लागि विनियोजित कुल बजेटः रु.५५ लाख रुपैया विनियोजन गरिएको छ ।**

२९. **उद्यमशीलता, रोजगारी सिर्जना तथा नवप्रवर्तनः**

- युवाहरूलाई सीप, पुँजी र प्रविधि हस्तान्तरण गरी युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ।
- साना तथा घरेलु उद्योग, परम्परागत पेशा व्यवसायको स्थापना, विकास, विस्तार तथा संरक्षण र प्रवर्धनमा विशेष जोड दिइनेछ।
- **पढ्दै कमाउँदै कार्यक्रम** माध्यमिक विद्यालयमा लागु गरिनेछ।
- **उद्यमशीलता एवं रोजगारी सिर्जनाका लागि रु.३६ लाख बजेट विनियोजन गरेको छ ।**

३०. **सार्वजनिक जग्गाको संरक्षण तथा निजी-सहकारी साझेदारीः**

- सार्वजनिक जग्गाको संरक्षण गर्दै निजी र सहकारी क्षेत्रसँगको साझेदारीलाई प्रवर्धन गरिनेछ।
- सहकारीलाई पूँजी निर्माणको महत्त्वपूर्ण माध्यमको रूपमा स्थापित गरी स्थानीय रोजगारी वृद्धि तथा स्थानीय कृषि उद्योग स्थापना र साना घरेलु उद्यममा लगानी गर्ने वातावरणको सृजना गरिनेछ।
- **यस क्षेत्रको विकास र सेवाका लागि रु.३५ लाख विनियोजन गरेको छु ।**

३१. **पर्यटन विकासः**

- "भानु जन्मस्थल जाऊँ भानुलाई चिनाऔं" भन्ने नाराका साथ भानु जन्मस्थलको विकासका लागि प्रारम्भिक गुरुयोजना अन्तर्गत आदिकवि भानुभक्तको विशाल प्रतिमा, सप्तधाम निर्माण, जग्गा अधिग्रहण, साहित्यिक पार्क, पूर्वाधार निर्माणको लागि संघीय सरकारद्वारा विनियोजित बजेटका साथै दातृ निकाय एवं देश विदेशमा आवश्यक समन्वय गरिनेछ।
- नगरपालिकाभित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण, संवर्धन र प्रवर्धन गरिनेछ।
- होमस्टेहरूको संरक्षण संवर्धन, प्रवर्धन एवं दर्ता र नवीकरण गरी होमस्टे सर्किटको विकासका साथ नेपालको मौलिक कला र संस्कृति झल्किने खाना, पहिरन तथा रोधी, घाँटु, लाखेनाच, चुट्का, झाम्रे लगायतका पहिचान संरक्षण तथा प्रवर्धन हेतुले **"भानु नगरको होमस्टे जाँउ"** भन्ने नारालाई सार्थक तुल्याइनेछ।
- भानु साहित्य उद्यानका लागि भानु नगरपमालिकाको विशेष र अनवरत प्रयासको परिणाम स्वरुप २० करोड रुपैया संघीय सरकारबाट विनियोजन गरिएको व्यहोरा उल्लेख गर्दै यस क्षेत्रको विकासका लागि नगरपालिकाबाट समेत पर्याप्त बजेट विनियोजन गरिएको छ ।

३२. **अब म बजेटमा उल्लेखित क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र श्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।**

- **राजस्व बाँडफाँटः** संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने राजस्व प्राप्त हुने बजेट मध्ये प्रदेश सरकारबाट रु.१ करोड ३४ लाख १५ हजार तथा संघीय सरकारबाट प्राप्त हुने ११ करोड ५४ लाख ८८ हजार अनुमान गरेको छु ।
- **आन्तरिक आयः** घरजग्गा रजिष्ट्रेसन शुल्क, सेवा शुल्क, दस्तुर, बहाल कर, व्यवसाय कर, जग्गा कर/मालपोत, विज्ञापन कर लगायतका विभिन्न आन्तरिक स्रोतहरूबाट रु. ३ करोड २५ लाख आम्दानी हुने अनुमान गरेको छु ।
- **अनुदानः** संघीय सरकारको तर्फबाट (समानीकरण, सशर्त, विशेष र समपूरक अनुदान रु.६२ करोड ६४ लाख) र प्रदेश सरकार (समानीकरण, सशर्त, विशेष र समपूरक अनुदानबाट २ करोड ८६ लाख १ हजार गरी जम्मा रु.६५ करोड ५० लाख प्राप्त हुने ।
- नव प्रवर्तन साझेदारी समेत २ करोड १५ लाख तथा अन्य गत आ.व. को अल्या सहित रु.५ करोड ५० लाख गरी आगामी आ.व.को लागि कुल बजेट ८८ करोड ५९ लाख ४ हजार आम्दानी हुने गरी प्रक्षेपण गरेको छु ।

अब म बजेटमा उल्लेखित क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

३३. आगामी आर्थिक वर्षमा नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जम्मा रु. ८८ करोड ५९ लाख ४ हजार रकम खर्च हुने अनुमान गरेको छु ।कुल विनियोजन मध्ये चालुतर्फ रु.६४ करोड ५ लाख ४ हजार अर्थात ७२ दशमलव ३ प्रतिशत (संघिय सशर्त अनुदान चालु तर्फ ४० करोड ४७ लाख शिक्षक विद्यालय कर्मचारी, स्वास्थ्य तथा आयूर्वेद तर्फका कर्मचारिको तलब, पोषाक र महंगी भत्ता खर्च समेत गरी चालु तर्फ प्राप्त भएको हुँदा चालु खर्च धेरै देखिन गएको छ ।आन्तरीक स्रोत तर्फ हेर्ने हो भने रु.४४ करोड १५ लाख ४ हजार मध्ये चालु खर्च ४९ दशमलव ९० प्रतिशत र पुँजीगत खर्च ५० दशमलव ०९ प्रतिशत हुन आउँछ ।) र कूल पुँजीगत तर्फ रु. २४ करोड ५४ लाख अर्थात २७ दशमलव ७० प्रतिशत रहेको छ । आगामी आर्थिक वर्षको व्यय अनुमानको विवरण (उपशिर्षकगत तथा खर्च शीर्षकगत समेत) नगरपालिकाको विनियोजन विधेयक २०८२ संगै पेश गरेको छु ।

३४. गत वर्षको नगद मौज्दात रु. ५ करोड ५० लाख रुपैयालाई आगामी आर्थिक वर्षको लागि प्रारम्भिक मौज्दातको रुपमा राखिएको छ।

३५. समपुरक अनुदान तथा अन्य अख्तियारी मार्फत प्राप्त हुने बजेटहरु स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (SUTRA) मा प्रविष्टि गरी प्रणालीमानै स्वीकृत गरी भुक्तानी दिने व्यवस्था मिलाइएको छ ।

**३६. नयाँ र नवीन कार्यक्रमहरूः**

- **कृषि एम्बुलेन्सः** कृषिजन्य उत्पादित वस्तुहरूको बजारीकरणका लागि यो सेवा सञ्चालन गरिनेछ।
- **“कृषिमा रूपान्तरण, आर्थिक विकास र सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग परियोजना”:** नवप्रवर्तनको रूपमा यो परियोजना सञ्चालन गरिनेछ।
- **नागरिक आरोग्य अभियानः** स्वास्थ्य जीवनशैली अवलम्बनका लागि अभियान मूलक कार्यक्रमको रुपमा सञ्चालन गरिनेछ।
- **१ स्वास्थ्यकर्मी १ विद्यालय १ घण्टा अभियानः** विद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन यो अभियान सञ्चालन गरिनेछ।
- **भानु जन्मस्थलको विकासः** आदिकवि भानुभक्तको विशाल प्रतिमा, सप्तधाम निर्माण, साहित्यिक पार्क, पूर्वाधार निर्माणका लागि बृहत् गुरुयोजना कार्यान्वयन गरिनेछ।
- **होमस्टे सर्किट विकासः** स्थानीय कला र संस्कृति झल्किने गरी होमस्टे प्रवर्धनमा विशेष जोड दिइनेछ।

**३७. राजस्व सुधार र क्षमता अभिवृद्धिः**

- कर प्रणालीलाई व्यवस्थित बनाई असल करदातालाई पुरस्कृत गरिनेछ।
- नगरपालिकामा स्थापना भएका सबै प्रकारका व्यापारिक संस्था, औद्योगिक संस्था, वित्तीय संस्था लगायत सम्पूर्ण संघ-संस्थाहरूको विषयगत प्रोफाइल अध्यावधिक गरी करको दायरामा ल्याउने नीति अवलम्बन गरिनेछ।
- सूचना प्रविधिको अधिकतम प्रयोग गरी सेवा प्रवाहलाई अझ अनलाइनमैत्री बनाइनेछ, जसले राजस्व संकलनमा समेत सहजता ल्याउनेछ।

सभाका सभाध्यक्ष ज्यू तथा सदस्यज्यूहरु,

अब म आर्थिक वर्ष २०८२/०८३ को लागि राजस्व सम्बन्धी नीतिगत व्यवस्थाका केही अंशहरु प्रस्तुत गर्न चाहन्छु ।

३८. कर सिर्जना, कर दायित्व र कर लाभका विषयमा प्रभावकारी कार्यक्रम सञ्चालन गरी कर असुलि गर्ने कार्यका लागि ठोस र प्रभावकारी रुपमा करको दर भन्दा दायरा विस्तारमा जोड दिएको छु ।

३९. स्थानीय सरकारको क्षेत्र भित्रका करको आधार फराकिलो पार्दै आन्तरिक राजस्व वृद्धि गर्न कर तथा गैरकर राजस्वको अधिकतम परिचालन गर्ने निति लिएको छु । कर तथा गैरकर राजस्व संकलनलाई प्रभावकारी बनाउन कानुनी तथा संस्थागत सुधार गर्दै राजस्व सुधार अभियान संचालन गर्ने व्यवस्था मिलाएको छु । कर तथा गैरकरका दरलाई प्रगतिशील बनाई राजस्व परिचालन गर्ने व्यवस्था मिलाएको छु ।

४०. आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका नागरिकलाई ध्यानमा राखेर प्रगतिशील कर प्रणाली विकसित गरिनेछ । नगरपालिका क्षेत्रमा विपद, कृषि/पशु, योजना, सामाजिक सुरक्षा, छात्रवृत्ति, अपाङ्गता, विपन्न नागरिक औषधि उपचार र मृतक तथा क्षतिपूर्ति सम्बन्धी सिफारिस दस्तुर निःशुल्क गरिनेछ ।

४१. रोडा, ढुंगा, गिटी, वालुवा, चुनढुंगा लगायतका दहत्तर बहत्तर शुल्क, विज्ञापन कर र मनोरञ्जन कर स्थानीय तहबाट संकलन गरी बाँडफाड खातामा जम्मा गरी ६० प्रतिशत स्थानीय तहमा र ४० प्रतिशत प्रदेश संचित कोषमा जम्मा हुने कानुनी व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ । नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय दर्ता गर्न प्रोत्साहित गरी व्यवसायलाई करको दायरामा ल्याईनेछ ।

४२. कर सम्बन्धी प्रस्ताव आर्थिक विधेयक २०८२ यसैसाथ प्रस्तुत गरेको छु । कर सम्बन्धी प्रस्ताव संवत् २०८२ साल साउन १ गतेबाट लागू हुने व्यवस्था मिलाएको छु ।

**अन्त्यमा,**

यो बजेट हाम्रो "साहित्य, पर्यटन र कृषि क्षेत्र हाम्रो, पारौं समृद्ध र समुन्नत भानु राम्रो" भन्ने दीर्घकालीन सोचलाई साकार पार्नका लागि तयार पारिएको मार्गचित्र हो। यसलाई सफल बनाउन नगरवासी, जनप्रतिनिधि, कर्मचारी, सरोकारवाला निकाय तथा विकास साझेदार सबैको साथ र सहयोग अपरिहार्य छ। हामी सबैको साझा प्रयासबाट मात्र समृद्ध र समुन्नत भानु निर्माण सम्भव छ।

यस बजेटको सफल कार्यान्वयनका लागि नगरसभाका सम्पूर्ण सदस्यज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, नागरिक समाज र सम्पूर्ण नगरवासीहरूको रचनात्मक सुझाव, सहयोग र समर्थनको अपेक्षा गर्दछु।

## धन्यवाद !

उमा गोतामे
उप-प्रमुख
संयोजक, बजेट तथा कार्यक्रम तर्जुमा समिति
भानु नगरपालिका तनहुँ